राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक २२१ | २०८३ वैशाख १२ गते शनिवार | (Saturday, 25 April, 2026) | पृष्ठ ४ | मुल्य रु. ५

# सुकुमवासी बस्तीको त्रास : न हट्ने मन छ, न बस्ने साहस

**कौशल काृले**

*काठमाडौं, वैशाख ११ गते ।*

कोही सामान पोको पारिरहेका छन् । कोही बोलेरोमा सामान लोड गरिरहेका छन् । कोही आफ्नै बलबुतामा सामान बोकेर निस्कँदैछन् ।

शुक्रबार बिहान थापाथलीमा रहेको सुकुमवासी बस्तीमा पुग्दा स्थानीयहरू अन्यौलग्रस्त र त्रसित देखिन्थे । सरकारले बस्तीबाट सामान निकाल्न निर्देशन जारी गरेदेखि उनीहरू शान्त छैनन् ।

बिहीबार बेलुकी नै सुकुमवासी बस्तीहरूमा सुरक्षाकर्मीले बस्ती छाड्न माइकिङ गरेका थिए । अघिल्लो रात प्रहरी टोली गएर बस्तीमा छापा मारेको भोलिपल्ट प्रहरीले शुक्रबार बेलुकी ७ बजेसम्म सामान सारिसक्न भनेको थियो ।

त्यसैको प्रभाव शुक्रबार बिहान स्पष्ट देखिन्थ्यो । आफ्नै सामान सार्ने दाउमा रहेका उनीहरूलाई अन्य मानिससँग बोल्ने मुड थिएन । बरु कसरी हुन्छ, भएका सम्पत्ति जोगाउनु नै उनीहरूको लागि ठूलो विषय थियो ।

'भोलि यही भएकै सम्पत्ति पनि भत्काइदेला । पहिला महानगर प्रहरी आउँदा पो पुलिस (नेपाल प्रहरी) ले रोक्थ्यो । अहिले त उनीहरू नै आउने रे,' सामान सार्दै गरेकी गीता लामाले शंका गरिन्, 'अब कसैको केही लाग्दैन यहाँ । अब हाम्रो भाग्यमा यस्तै त रहेछ नि ।'

छाप्रोबाट सामान निकाल्दै गरेकी उनलाई कसैसँग बोल्न मन थिएन । आन्दोलन गर्ने भन्दै आएकाहरूसँग पनि रिस थियो । सबै आफ्नै स्वार्थका लागि आएको बुझाइ उनको थियो । मिडिया, सरकार र अभियन्ता सबैसँग आजित सुनिएकी उनी फोटो खिच्न र थप प्रतिक्रिया दिन मानिनन् ।

बरु आक्रोशित हुँदै थपिन्, 'गएर भनिदिनुस्, सरकारलाई । हाम्रो आँसु पनि एकदिन लाग्छ ।'

यसरी सुकुमवाससीहरू आक्रोशित हुनुमा उनीहरूले नपाएको स्पष्टता थियो । सरकारले एकाएक बस्ती हटाउने गति बढाएको देख्दा उनीहरूको मनमा विभिन्न कुरा खेलिरहेका थिए । किन र के दिनका लागि सरकारले आफ्नै नागरिकका टहरामा डोजर हान्दै छ भन्ने कुराको भेउ पाएका थिएनन् ।






अझ बुधबार छापा मार्न आएका र बिहीबार माइकिङ गरेका प्रहरीले पनि स्पष्ट केही नभनेकोमा उनीहरू आक्रोशित थिए । 'अशक्त र अपाङ्गतालाई प्राथमिकता दिएर सामान सार्नु, बस्ती छाड्नु । नत्र क्षतिको जिम्मा सरकारले लिँदैन भन्यो । एकाएक किन यसो गरेको हो बुझ्न सकिएन,' सुकुमवासी बस्तीमा आफ्नो घरको दलिनमा टोलाइरहेका जंगबहादुर मगरले भने ।

मगरले भने त्यसबेलासम्म सामान सार्ने सुर कसेका थिएनन् । सबै सम्पति पोको पारेर तयारी अवस्थामा रहेको उनी शुक्रबार साँझतिर कतै सार्ने तरखरमा थिए । श्रीमती र छिमेकीसँग भलाकुसारी गरिरहेका उनले चिन्तित हुँदै थपे, 'यत्रो समय बसेको मान्छे । छोड्नेबेला निकै नरमाइलो लाग्ने रहेछ ।'

यसरी कोही आफ्ना सामान कसरी व्यवस्थापन गर्ने भन्ने चिन्तामा रहँदा केही भने आन्दोलित बनिरहेका थिए । जेनजी अगुवा अमित खनाल (ऊर्जा), मोनिका निरौला, लक्ष्मी घिमिरे लगायतका युवाहरूको साथ लिएर केहीले नाराबाजी गरिरहेका थिए ।

*'डोजर आतंक बन्द गर ।'*

*'सुकुमवासी आवासको हक सुनश्चित गर ।'*

*'निरंकुश सरकार चाहिँदैन ।'*

*'शहर सुन्दर बनाउ, तर मान्छे विस्थापित नगर ।'*

*'वास्तविक सुकुमवासी पहिचान गर ।'*

*'योजनाविना हटाउने काम बन्द गर ।'*

*'डोजर होइन, न्याय चाहिन्छ ।'*

सुकुमवासी बस्तीमा यस्ता नाराहरू गुञ्जिएका थिए । प्रदर्शनकै क्रममा सरकारमा जानुअघि रास्वपा सभापति रवि लामिछानेले सुकुमवासी बस्तीमा डोजर चलाए आफू छाती थाप्न जाने भन्दै दिएको अभिव्यक्ति सम्झिए । र, लामिछानेलाई अब छाती थाप्न बस्तीमा आउन आग्रह समेत गरे ।

सुकुमवासी बस्तीको गेटमा नाराबाजी भइरहँदा बस्तीमा आउनेहरूको भिड बढ्दो थियो । क्रमशः विभिन्न समूहमा व्यक्तिहरू थपिन थाले । मिडिया र अभियन्ताको संख्या बढ्दै गएपछि स्थानीयहरूको टिप्पणी थियो, 'अब विभिन्न स्वार्थ समूह आउँछन् । यिनीहरूले राजनीति गर्छन्, क्षति त हाम्रै हुन्छ नि ।'

हुन पनि त्यहाँको कतिपय दृश्यले त्यही बताइरहेको थियो । विभन्न समूह-समूहमा रहेर स्थानीयका अन्तरवार्ता गर्नेहरू कतिपय असंवेदनशील र उनीहरूलाई 'प्रोभोक' गर्ने किसिमको थियो ।

विभिन्न दलका कार्याकर्ता पनि त्यहाँ थिए । बस्तीका गल्लीहरूमा स्थानीय भन्दा अन्य अनुहार भेटिन थालेका थिए । तर, बस्तीका मानिसलाई भने बेग्लै तनाव थियो । उनीहरूलाई आफ्नो सामानको व्यवस्थापन नै ठूलो थियो । यसपटक सरकारसँग भिड्न नसकिने मोटामोटी आँकलन उनीहरूको थियो । तर, सरकारले कसरी उद्धार गर्छ र कहाँ लग्छ भन्नेबारे भने उनीहरू बेखबर हुँदा चिन्ता थप बढाएको थियो ।

कतिपयले हामी मिडियाकर्मीलाई नै सोधिरहेका थिए, 'लजमा लग्छ भन्छन् । कहाँ छ त्यो ?'

कतिपयलाई लागेको छ- सरकारले दिने भनेको ठाउँमा आफ्नो सबै जहान पनि अट्दैनँ ।

सुकुमवासी बस्तीको गेटैमा नाराबाजी हेरिरहेकी गीता लामाले भनिन्, 'अब बस्ती छाडेर जाँदा फेरि फर्कन नदेला, उता पनि राम्रो व्यवस्था छैन होला । न बस्ती

**- बाँकी पृष्ठ ४ मा**






## गौशाला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

गौशाला, महोत्तरी

**मधेश प्रदेश, नेपाल**

### कागज प्रमाण पेश नर्गे सम्बन्धि सार्वजनिक सूचना

*प्रकाशित मिति : २०८३/०१/११*

प्रस्तुत विषयमा गौशाला नगरपालिकाको पन्ध्रौं नगरसभाको निर्णय बमोजिम यस कार्यालयबाट मिति २०८२।१२।३० गते प्रकाशित घर, टहरा र जग्गा खाली गर्ने सम्बन्धी सूचनामा उल्लेखित हाल गौशाला बजारमा पर्ने साविक शिवभक्तिखोर गा.वि.स. वडा नं. १ को कित्ता नं. ११५, ११६ र ११७ को जग्गा मध्ये केही जग्गाहरू पुनः नापी भई नयाँ कित्ताहरू कायम भएको र यसरी कायम भएका कित्ताहरू मध्ये कतिपय कित्तामा जग्गाधनी प्रमाण पूर्जा समेत प्राप्त गरी बसोबास हुँदै आएको साथै केही कित्ता जग्गाहरूका हकमा विभिन्न निकायहरूमा जग्गा दर्ताको प्रक्रिया समेत चलिरहेको भन्ने बुझिन आएकोले यसरी जग्गाधनी प्रमाण पूर्जा प्राप्त गरी हकभोग गरिरहेको र अन्य किसिमले जग्गा दर्ताको प्रक्रिया चलिरहेको अवस्था भएमा सम्बन्धित जग्गाधनी तथा व्यक्तिहरूले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा आफूसँग भएको हकभोगको प्रमाण तथा सम्बन्धित कागजातहरू गौशाला नगरपालिका, नगरकार्यपालिकाको कार्यालयमा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

कार्यालयमा प्रमाण पेश नभएका सरकारी, सार्वजनिक जग्गाहरूमा निर्मित संरचनाहरू यस पूर्व प्रकाशित सूचना बमोजिम हटाइने व्यहोरा समेत सम्बन्धित सबैमा यसै सूचना मार्फत पुनः जानकारी गराइन्छ ।

प्रमुख प्रशासकीय अधिकृत

## कविता



# यक्ष प्रश्न

***

सुमित्रा आचार्य
सचिवः सर्लाही साहित्य समाज सर्लाही

सोध्न मन छ
भेटेँ भने तिमीलाई
सुशासनको वकालत चलिरहेको
सुनसान प्रेक्षालयमा ।
कहिलेसम्म जन्माइरहन्छौ भीमसेन ?
कहिलेसम्म बनाइरहन्छौ
कर्तव्य पथमा हिँड्नेहरूलाई बलिको बोका ?
यदि लाग्दैन भने
आरोपीको ट्याग ममाथि
बिन्ती बिसाउन मन छ
कृपया बन्द गर
बौद्धालयको छेवैमा
इमान्दारिताको बर्बरतापूर्ण हत्या गर्न ।
हो,
सोध्न मन छ
तिम्रो कुर्सी र पोसाकले सुन्ने गरी
एउटा यक्ष प्रश्न,
मेरा शिष्यहरूलाई मैले
चन्द्र सूर्यको आदर्श पाठ घोकाऊँ या
छेपारे द्वैध चरित्रको महिमागान ?

## गजल



नवल किशोर महतो
बर्दिवास, महोत्तरी

भ्रष्टाचारी है अते कि भ्रष्टाचार बदैल जाई हाय
बाते बात पर देश के सरकार बदैल जाई हाय ।

जनता सभे दिन विकेलई दरू माउस पर
सही के सही छापे वाला अखबार बदैल जाई हाय ।

साढ जेका खुल्ला घुइम रहल है बलात्कारी
दोषी के निर्दोष कर समाचार बदैल जाई हाय ।

## तीन मुक्तक



नारदप्रसाद आचार्य
संयुक्त राज्य अमेरिका

१)
डाक्टर अनि निर्दयी भ्रमरो उस्तै उस्तै लाग्छ
रोगीलाई फूल ठानी चुस्नुसम्म चुस्छ र भाग्छ
कता हरायो मानवता? किन चुलिन्छ स्वार्थ ?
सम्झीदा दिग्दारी बढ्छ, विरह मात्रै जाग्छ।

२)
नौ रङ्गको नव बहार बोकेर आयो रामनवमी
हर्ष र उमङ्गको शोभा पोखेर आयो रामनवमी
मन मन्दिरको बगैँचामा खुसीयाली छाएको छ
वसन्त यामको ढोका खोलेर आयो रामनवमी।

३)
अनमोल सृजना रत्नको मोल-तोल हुन्छ
कलम माथी हुतिहाराको गन्जा-गोल हुन्छ
के पो हुदैन र यो रंगीन दुनियाँमा साथी,
कागज र मसीको भविष्य डामा-डोल हुन्छ।

## कविता



# चारु

***

सीता शर्मा पन्थी
वीरगन्ज

नयाँ परिवर्तन भएको देखेँ मिले
त्यही भएर दुई अक्षर कोरेँ मैले

नयाँ योजना, नयाँ विचारका साथमा
विकास गर्ने अब नेपालमा भेटेँ मैले

नारा र जुलुस जतिसुकै ल्याए पनि
पौरखी ती हातलाई आफैं छेकेँ मैले

जरो गाडी बसेका भ्रष्टाचारी नाइके
नाम निसानै हराए दुलोमा धकेलेँ मले

चुनावको दाउपेच यस्तो हुँदो रहेछ
जनतासँगै झुक्याउन जाने चेतेँ मैले

## कविता



# आभास

***

लक्ष्मी ढकाल दाहाल
जनता मा.वि. गौरीडाँडा,
बर्दिबास महोत्तरी

को कस्तो हो ? भन्ने थाहा नै भएन
जिन्दगीका पाइला अगाडि बढिरहे
इच्छा, चाहना अनि जिम्मेवारीले समय बितेको पत्तै भएन ।

कर्तव्य पूरा गर्ने सोच अघि बढिरहँदा को ठूलो, को सानो पत्तै भएन
पारदर्शीता, जवाफदेहिता र नैतिकता बहन गर्दै गर्दा उमेर गएको पत्तै भएन ।

सही र गलत छुट्याउँदा छुट्याउँदै,
समयले छलाङ मारेको,
लक्ष्य प्राप्तिको चाहनासँगै
के को अभाव भएको हो पत्तै भएन
सोच्दा कहिले सानो त कहिले ठूलो भएको आभास हुन्छ
कहिले मनोकांक्षा पूरा भएको त
कहिले सही बाटो हिडेको आभास हुन्छ
समय न हो, कर्तव्य र जिम्मेवारी सँगै व्यवहार र सोच बदलिएको आभास हुन्छ ।

## कविता



# ब्यूँझ छिटो

***

रोजिना घिमिरे
अध्यक्ष
जनता साहित्यिक मञ्च गौरीडाँडा
तल्लो सदन

तिमी निदाउनाले देशको माटो चोरिदै छ
सिद्धिन लागि सक्यो देशको ढिकुटी फोरिदैछ
तिम्रो विवसता र लाचार पनले देशको पर्खाल सारिदैछ
हत्या, हिंया र अभद्रता फेरि यहाँ दोहोरिदैछ ।

अब त उठ जुट युवा क्रान्तिकारी योद्धा बनि
उठ्नुपर्छ नव युवा सगरमाथाको शिर बनि
बस्नुपर्छ सबै युवा यहाँ देशको पर्खाल बनि
देशको सच्चा पहरेदार महायोद्ध वीर बनि ।

अबको क्रान्ति तरवारले नभइ कलमले रच्नुपर्छ
रगतले लेखिएको जङ्ग खम्वा जोगाउनुपर्छ
देश बनाउन खेल मैदानमा जनशक्ति खट्नु पर्छ
कृषिबाट देशलाई समृद्ध बनाउन हामी सबै जुट्नु पर्छ ।

कुनै पनि समाचार, लेख, रचना वा विज्ञापनका लागि
९८०२३२८८३०, ९८१४८३५५४२, ९८१२०४८५६६
thepublictoday2070@gmail.com

## कविता



# ऋण तिर्ने छु आमा

***

रामनाथ महतो
जनता मा वि गौरीडाँडा बर्दिबास
महोत्तरी।

देखिरहेको छु आमाको सङ्घर्ष हरेक पल
काममा समर्पित हुँदा लाग्छ हर्ष
गर्नु हुन्छ काम घामपानी सहेर
सन्तानको भविष्य सजाउने छ रहर ।

बुबाआमा दाजुभाइ दिदीबहिनी किसान
पसिनाको कमाईबाट पाल्छन् आफ्नो जहान
हरक्षण काम गर्छन् खेतबारीमा यथेष्ठ
कहिलेकाहीँ प्रकोपले बाली पार्छ नष्ट ।

किसानको कमाई खान्छन् जङ्गली जनावर
यता मानिस भोकले चिन्तित बारम्बार
आफ्ना इच्छा छोडेर सन्तानमा समर्पित
भन्छु आमा म अहिले सोच्नु आफ्नो हित ।

हिंड्दै छु नि म अहिले सङ्घर्षको बाटोमा
भेटिने छु म एक दिन सफलताको साथमा
आमाले देखेको सपना पूरा अवश्य गर्नेछु
दुःख कष्ट हटाएर जीवन सफल पार्ने छु ।

## कविता



# वाम एकताको पज्जल

***

बिर्ख छेत्री

भूकम्पको सुनामी सुकेपछि,
फेरि बाम एकताका बाँसहरु बजिरहेका छन् ।
कुन वामको कस्तो एकता हो ?
म राँगाले छाँगा हेरेजस्तै भइरहेको छु ।

देशमा सडक खन्नुअघि,
गाउँमा थोरै बाटाहरु थिए ।
लेकालीहरु भीरैभीरको भित्ताबाट हिँड्थे ।
माझघरेहरु लाम्पाटाको बीचबाट हिँड्थे ।
र, औलालीहरु खेतको आलीबाट हिँड्थे ।

तर आजः
धागो बेरिए जस्ता बाटा खुलेका छन् ।
दशौं देब्रे छन् ।
दशौं दाहिने छन् ।
र, अरु दशौं बीचबाटा छन् ।
चिन्नै नसकिने सुकानेंहरु छन् ।

यस्तो बेलाः
रेल ड्राइभरहरु फेरि किन कराइरहेका छन् ?
आ-आफ्नो लिक छोडेर,
किन देब्रे बाटो कुद्ने भनिरहेका छन् ?

दैनिक जीवनका हरेक गन्तव्य पुग्न,
के देब्रे मात्रै सुन्दर र सुरक्षित बाटो हो ?

सूचना, समाचार र मनोरञ्जनका लागि
सामुदायिक रेडियो दर्पण
८८.४ मेगाहर्ज
बिहान ५ बजेदेखि राति ११ बजेसम्म
समाचार, विज्ञापन, सल्लाह
सुझाव र प्रतिक्रियाको लागि
सम्पर्क नं : ९८१२०४८५६६, ९८६८८२१२९८

# लोकसेवा परीक्षाको तयारी सामग्री

धीरेन्द्र कुमार महतो
प्रस्तुतकर्ता



१. दोस्रो 'राष्ट्रिय आर्थिक गणना २०८२' कहिलेदेखि कहिलेसम्म संचालन हुने तालिका रहेको छ ?
A) २०८३ वैशाख २ देखि जेठ ३२ सम्म
B) २०८३ वैशाख २ देखि असार ७ सम्म
C) २०८३ जेठ १ देखि असार ३० सम्म
D) २०८३ वैशाख १५ देखि असार १५ सम्म

**दोस्रो राष्ट्रिय आर्थिक गणना २०८२ सुरु**

- गणना अवधि: २०८३ वैशाख २ देखि असार ७ सम्म
- नारा: "अर्थतन्त्र मापनका लागि आर्थिक गणना"
- नेतृत्व गर्ने निकाय: राष्ट्रिय तथ्याङ्क कार्यालय
- नेपालमा पहिलो आर्थिक गणना वि.सं. २०७५ मा भएको थियो।

२. नेपाल क्रिकेट संघ (CAN) ले हालै अन्तर्राष्ट्रिय टी-२० टोलीको कप्तानमा कसलाई नियुक्त गरेको छ ?
A) रोहित पौडेल
B) सोमपाल कामी
C) दिपेन्द्र सिंह ऐरी
D) कुशल भुर्तेल

**अन्तराष्ट्रिय T२० टोलीको कप्तानमा दिपेन्द्र सिंह ऐरी नियुक्त**

- नियुक्त कहिले भयो ? : २०८३ वैशाख ४
- CAN ले एकदिवसीय र अन्तराष्ट्रिय T२० क्रिकेटको लागि छुट्टाछुट्टै कप्तान घोषणा गरेको छ।
- अन्तराष्ट्रिय T२० कप्तान दिपेन्द्र सिंह ऐरी
- एक दिवशीय क्रिकेट कप्तान रोहित पौडेल
- दीपेन्द्रको कप्तानीमा नेपालले नेपाल र संयुक्त अरब इमिरेट्स (UAE) बीचको शृंखला खेल्नेछ।
- त्यस्तै रोहितको कप्तानीमा नेपालले आईसीसी क्रिकेट विश्वकप लिग-टु का खेलहरु खेल्ने तालिका रहेको छ।

३. नेपालमा न्युरो सर्जरी सेवाको सुरुवात गर्ने पहिलो चिकित्सक को हुन् ?
A) डा. उपेन्द्र देवकोटा
B) डा. दिनेशनाथ गोंगल
C) डा. भगवान कोइराला
D) डा. सन्दुक रुइत

**नेपालमा न्युरो सर्जरीका प्रणेता डा. दिनेशनाथ गोंगलको निधन**

- वरिष्ठ चिकित्सक डा. दिनेशनाथ गोंगल (नेपालमा न्युरो सर्जरी सेवाको सुरुवात गर्ने पहिलो चिकित्सक)
- निधन मिति : वि.सं. २०८३ साल वैशाख ८ गते, मंगलबार (सन् २०२६ अप्रिल २१)
- उमेर : उहाँको ९२ वर्षको उमेरमा निधन भएको हो।
- स्थान : काठमाडौंस्थित आफ्नै निवासमा निधन भएकोहो।
- नेपालमा आधुनिक चिकित्सा र शल्यक्रिया (Surgery) कोविकासमा अतुलनीय योगदान पुर्याउने महारथी।

**नोट :** लोकसेवा परीक्षाको दृष्टिकोणले नेपालमा कुनसेवाको सुरुवात कसले गरे ? भन्ने अन्तर्गत "नेपालमा न्युरो सर्जरी सेवाको सुरुवात गर्ने व्यक्ति को हुन् ?" भनी प्रश्न सोधिन सक्छ । यसको सही **उत्तर डा. दिनेशनाथ गोंगल हो।**

४. वि.सं. २०८३ मा मनाइएको वन्यजन्तु सप्ताह कतिऔं संस्करण हो ?
A) ३० औं
B) ३१ औं
C) २५ औं
D) ३२ औं

**नेपालमा न्युरो सर्जरीका प्रणेता डा. दिनेशनाथ गोंगलको निधन**

- हरेक वर्ष वैशाख १ देखि ७ गतेसम्म मनाइनेगरिन्छ।
- ३१ औं वन्यजन्तु सप्ताहहो।
- पहिलो पटक कहिले: वि.सं. : २०५३देखि
- वि.सं. २०८३कोनारा:"सुरक्षित मानिस, संरक्षित वन्यजन्तु: जैविक विविधताको सदुपयोग समृद्धिको सेतु"
- वि.सं. २०८२ को नारा : "बुझौं वन्यजन्तुको आनीबानी, घटाऔं मानवसंगको द्वन्द्व र हानीनोक्सानी"
- विश्व वन्यजन्तु दिवस : हरेक वर्ष मार्च ३

**५. याकलाई कुन कानुनी दस्तावेजले संरक्षित वन्यजन्तुको सूचीमा राखेको छ ?**
A) नेपालको संविधान
B) वातावरण संरक्षण ऐन, २०७६
C) राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९
D) वन ऐन, २०७६

**दोस्रो राष्ट्रिय याक दिवस २०८३**

- कहिले: हरेक वर्ष वैशाख ७ मा मनाइने।
- २०८३ मा दोस्रो पटक 'राष्ट्रिय याक दिवस' मनाएको छ।
- वि.सं. २०८२कोमूल नारा: "याक चौंरी प्रवर्द्धन हिमाली जीवन, संस्कृति र पर्यावरण संरक्षण'
- वि.सं. २०८१ असोज २ को मन्त्रिपरिषद् बैठकले निर्णय गरेको हो।
- याकको वैज्ञानिक नाम : "Bos grunniens"
- याकलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ ले संरक्षित वन्यजन्तुको सूचीमा राखेको छ।

**६. विश्व पुस्तक र प्रतिलिपि अधिकार दिवस कहिले मनाइन्छ ?**
A) अप्रिल १८
B) अप्रिल २२
C) अप्रिल २३
D) मे ३

**विश्व पुस्तक र प्रतिलिपि अधिकार दिवस २०२६**

- मनाइने मिति: प्रत्येक वर्ष अप्रिल २३ मा
- सुरुवात (पहिलो पटक) : सन् १९९५ मा
- घोषणा गर्ने निकाय : युनेस्को (UNESCO)
- सर्जकको बौद्धिक सम्पत्तिको रक्षा र पठन संस्कृतिको विकास गर्नु।
- नेपालमा सर्वप्रथम वि.सं. २०२२ मा प्रतिलिपि सम्बन्धी कानुन लागू भएको थियो।
- अहिले प्रतिलिपि अधिकार ऐन, २०५९ र प्रतिलिपि अधिकार नियमावली, २०६१ कार्यान्वयनमा रहेका छन्।

**७. विश्व सम्पदा दिवस २०२६ को अन्तर्राष्ट्रिय नारा के हो ?**
A) Emergency Response for Living Heritage in Contexts of Conflicts and Disasters
B) Heritage and Climate
C) Shared Responsibility
D) Complex PastsM Diverse Futures

**विश्व सम्पदा दिवस २०२६**

- कहिले: हरेक वर्ष अप्रिल १८ मा मनाइने
- सन् २०२६ को नारा : "Emergency Response for Living Heritage in Contexts of Conflicts and Disasters"
- सन् २०२५ को नारा : "Heritage under Threat from Disasters and ConflictsM Preparedness and Learning from ^) years of ICOMOS Actions"
- सन् १९८२ मा अन्तर्राष्ट्रिय स्मारक तथा स्थल परिषद (ICOMOS) ले प्रस्ताव गरेको हो।
- सन् १९८३ मा UNESCO ले यसलाई औपचारिक रूपमा मान्यता दियो।

| क.सं. | | सम्पदा | सूचीकृत मिति | थपजानकारी |
|---|---|---|---|---|
| १. | क) | चाँगुनारायण | सन् १९७९ | काठमाडौं उपत्यकामा: (७ वटा ) सन् १९७९ |
| | ख) | भक्तपुर दरबार | सन् १९७९ | |
| | ग) | स्वयम्भूनाथ | सन् १९७९ | |
| | घ) | बौद्धनाथ स्तूपा | सन् १९७९ | |
| | ङ) | हनुमानढोका दरबार | सन् १९७९ | |
| | च) | पशुपतिनाथ | सन् १९७९ | |
| | छ) | पाटन दरबार | सन् १९७९ | |
| २. | | सगरमाथा राष्ट्रिय निकुञ्ज | सन् १९७९ | |
| ३. | | चितवन राष्ट्रिय निकुञ्ज | सन् १९८४ | |
| ४. | | लुम्बिनी | सन् १९९७ | |

**थप जानकारी**

- World heritage convention, १९७२ लागू सन् १९७५ मा
- नेपालले सन् १९७८ मा विश्व सम्पदा महासन्धि अनुमोदन गरेको,
- प्राचीन स्मारक संरक्षण ऐन,२०१३
- सबैभन्दा बढी विश्व सम्पदाको सुचीमा स्थल भएको देश - इटली (५८वटा )
- विश्व सम्पदाको सुची बाट हटाएको पहिलो स्थान : अरेवियन ओरिड्स (ओमान)
- "काठमाडौं उपत्यका"लाई नै नेपालको पहिलो सांस्कृतिक सम्पदाको रूपमा लिने गरिन्छ।

**८. विश्व पृथ्वी दिवस २०२६ को नारा के रहेको छ?**
A) Planet VÚs Plastic
B) Invest in Our Planet
C) Restore Our Earth
D) Our Power, Our Planet

**विश्व पृथ्वी दिवस, २०२६ (World Earth Day)**

- हरेक बर्षको अप्रिल २२ मा पृथ्वी दिवस मनाउने गरिन्छ।
- सन् २०२६ को नारा: "Planet VÚs Plastic"
- सन् २०२५ को नारा: "Our Power, Our Planet"
- सन् १९७० बाट सुरुवात भएको हो।
- संस्करण : २०२६ मा ५६औं दिवस मनाइँदैछ।
- मान्यता : सन् १९९२ को रियो दि जेनेरियो (ब्राजिल) सम्मेलनले यसलाई अन्तर्राष्ट्रिय स्तरमा स्थापित गर्यो।
- UN निर्णय : सन् २००९ मा संयुक्त राष्ट्र संघको ६३औं महासभाले अप्रिल २२ लाई आधिकारिक मान्यता दियो।

**९. नेपाल सरकारले कुन वर्षसम्म मुलुकलाई औलोमुक्त राष्ट्र बनाउने उद्देश्य लिएको छ ?**
A) सन् २०२४
B) सन् २०२५
C) सन् २०३०
D) सन् २०८३

**विश्व औलो दिवस २०२६**

- हरेक वर्षको अप्रिल २५ मा विश्व औलो दिवस मनाउने गरिन्छ।
- सन् २००८ देखिमनाउन थालिएको हो।
- सन् २०२६ को नारा : "End Malaria Our ResolutionM We are not capable, now is the alternative"
- सन् २०२५ को नारा : "Malaria Ends with UsM Reinvest, Reimagine, Reignite"
- सरकारको लक्ष्य : सरकारले सन् २०२५ सम्ममा मुलकलाई औलोमुक्त राष्ट्रका रूपमा पुर्याउने उद्देश्य लिएको छ।
- विश्वको लक्ष्य : दिगो विकास लक्ष्यअनुसार सन् २०३० सम्म औलो रोगलाई अन्त्य गर्नुपर्ने लक्ष्य रहेको।
- सार्ने जीव : स्त्री जातिको "एनोफिलिज" नामक लामखुट्टेको टोकाइका कारण औलो (मलेरिया) रोग फैलिने गर्छ। औलो फैलाउने लामखुट्टे प्रायः फोहर तथा दूषित पानीमा बस्छ।
- औलो एनोफिलिज जातको पोथी लामखुट्टेको टोकाईबाट सर्ने सरुवा रोग हो। मलेरिया परजीवी (Parasite) को कारणले औलो रोग लाग्ने गर्दछ।

**आकर्षक घडेरीहरु बिक्रीमा**

धनुषाको मिथिला नगरपालिका–६ ढल्केबरस्थित जनकपुर–ढल्केबर ६ लेन सडकको १०० मिटर पश्चिम पुरानो नगरपालिका कार्यालयको छेउमा सुविधायुक्त(फराकिलो सडक, विद्युत र खानेपानीसहितको) आकर्षक घडेरीहरु बिक्रीमा रहेकोले इच्छुक व्यक्ति सम्पर्क गर्न अनुरोध गरिन्छ।

सम्पर्क नम्बर

९८१७८२०७३४, ९८६०४९८८६०, ९८०२४१६४९१

# मधेसमा आँप उत्पादन घट्ने सम्भावना

**नवीन प्रियदर्शी**

*जनकपुरधाम, वैशाख ११ गते ।*

मधेस प्रदेशमा यस वर्ष आँप उत्पादन अपेक्षाभन्दा कम हुने संकेत देखिएको छ । प्रारम्भिक चरणमा अत्यधिक फूल लागेकाले उत्पादन दोब्बर हुने अनुमान गरिए पनि वैशाखको सुरुवातमै आएको तीव्र हावाहुरीले ठूलो क्षति पुऱ्याएको छ ।

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका अधिकृत रवि बस्नेतका अनुसार यस वर्ष आँपका बोटहरूमा विगतको तुलनामा निकै राम्रो फूल लागेको थियो । किसानहरू उत्साहित थिए भने सम्बन्धित निकायले समेत उत्पादनमा उल्लेख्य वृद्धि हुने अपेक्षा गरेका थिए ।

तर, मौसमको प्रतिकूलताले सबै अनुमान उल्ट्याइदियो । वैशाखको सुरुवातमै आएको हावाहुरीले अधिकांश मञ्जरी झारिदिएपछि उत्पादनमा ठूलो गिरावट आउने निश्चितजस्तै भएको केन्द्रले जनाएको छ ।



आर्थिक वर्ष २०८१/०८२ मा मधेस प्रदेशमा आँप उत्पादन औसत १२.९४ प्रतिशत थियो । जिल्लागत रूपमा हेर्दा धनुषामा १२.८४ प्रतिशत, सिरहामा १२.९२ प्रतिशत, महोत्तरी र सर्लाहीमा १३.१२ प्रतिशतका दरले उत्पादन भएको थियो । त्यसैगरी रौतहटमा १२.९९ प्रतिशत, बारामा १३.४४ प्रतिशत र पर्सामा १३.२२ प्रतिशत उत्पादन भएको तथ्यांक केन्द्रसँग छ ।

अधिकृत बस्नेतले भने, 'हामीले यस वर्ष मनग्य आँप उत्पादन हुने लक्ष्य राखेका थियौँ, तर हावाहुरीले ठूलो क्षति गऱ्यो । अहिलेको अवस्थामा गत वर्षको तुलनामा पाँचदेखि १० प्रतिशतसम्म मात्र वृद्धि हुने अनुमान गर्न सकिन्छ ।'

किसानहरू पनि मौसमको मारबाट निराश बनेका छन् । विशेषगरी मधेसका आम किसानहरूको मुख्य आम्दानीमध्ये आँप खेती पनि एक भएकाले उत्पादन घट्दा आर्थिक असर पर्ने देखिएको छ ।

किसानहरूले समयमै मल, सिँचाइ र संरक्षणका उपाय अपनाए पनि प्राकृतिक विपत्तिको सामना गर्न नसकेको बताएका छन् ।

कतिपय किसानले बोटमा लागेका अधिकांश फूल झरेपछि फल लाग्ने सम्भावना निकै कम भएको गुनासो गरेका छन् । धनुषाको बटेश्वर गाउँपालिकाका किसान राजकुमार महतोका अनुसार जिल्लामै सबैभन्दा बढी आँप खेती यही पालिकामा हुने गरेको छ । 'मनग्य उत्पादन हुँदै आएकै कारण हामीले हरेक वर्ष आँप मेलासमेत आयोजना गर्दै आएका छौँ,' उनले भने, 'तर यस वर्ष भने अपेक्षाभन्दा कम उत्पादन हुने देखिएको छ । हावाहुरीले सबै सपनामाथि तुषारापात गरिदियो ।' यद्यपि उनले अहिले पनि किसानहरू उत्पादन जोगाउन दिनरात खटिरहेको बताए । 'सोचेअनुसार उत्पादन गर्न हामी अझै प्रयासरत छौँ,' उनले थपे ।

आँपमा लाग्ने डढुवा रोग नियन्त्रणका लागि प्रदेशभर औषधि व्यवस्थापन गरिएको केन्द्रले जनाएको छ । सामान्यतया मजर लागेपछि रोगको जोखिम बढ्ने भएकाले पूर्वतयारी गरिएको भए पनि यस वर्ष रोग लाग्नु अगावै हावाहुरीले क्षति पुऱ्याएको हो । केन्द्रका अनुसार यदि मौसम अनुकूल भएको भए यस वर्ष उत्पादन ऐतिहासिक रूपमा वृद्धि हुने सम्भावना थियो ।

कृषि ज्ञान केन्द्र धनुषाका प्रमुख रामचन्द्र यादवका अनुसार पछिल्ला वर्षहरूमा मौसमको अनियमितता बढ्दै गएको छ, जसको प्रत्यक्ष असर कृषि क्षेत्रमा देखिन थालेको छ ।

विशेषगरी मधेस प्रदेशजस्ता समथर र कृषि प्रधान क्षेत्रमा हावाहुरी, असिना पानी तथा अत्यधिक तापक्रमका कारण बालीमा नोक्सानी हुने क्रम बढ्दो छ । यसले किसानहरूको उत्पादन मात्र नभई समग्र अर्थतन्त्रमा समेत असर पार्ने सम्भावना रहन्छ ।

विगतका वर्षहरूको तुलनामा यस वर्ष आँपको उत्पादन बढ्ने र बजारमा मूल्य सस्तो हुने अपेक्षा गरिएको थियो । तर लक्ष्यअनुसार उत्पादन नहुने संकेत देखिएपछि यस वर्ष पनि आँपको मूल्य बजारमा महँगै रहने स्थानीयहरूको भनाइ छ ।

# पूर्वमन्त्रीसहित दुई जना पक्राउ

**राष्ट्रिय समाचार समिति**

*काठमाडौं, वैशाख ११ गते ।*

रास्वपाका वरिष्ठ नेता एवं पूर्वमन्त्री विक्रम पाण्डे शुक्रवार पक्राउ परेका छन् । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोको टोलीले पाण्डेलाई पक्राउ गरेको सिआइबीका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक शिवकुमार श्रेष्ठले जानकारी दिए ।

उनले सार्वजनिक खरिद अनुगमन कार्यालयको प्रणालीमा अनाधिकृत पहुँच पुऱ्याइ विभिन्न ठेक्काहरूका विवरण हेरफेर गरेको आरोपमा पक्राउ गरिएको बताए ।

पाण्डेसँगै भीषण कन्ट्रक्सनका संचालक टङ्कुमार श्रेष्ठलाई पनि सोही कसुरमा पक्राउ गरिएको सिआइबीले जनाएको छ ।

उनीहरूमाथि सार्वजनिक खरिद अनुगमन कार्यालयको ठेक्काको आर्थिक प्रस्ताव खोल्नुभन्दा अगावै आर्थिक प्रस्तावको डकुमेन्ट परिवर्तन गर्ने कार्य गरेको उजुरी निवेदनका आधारमा साइबर ब्यूरो भोटाहिटीमा विद्युतीय कारोबार ऐन, २०६३ अन्तर्गतको कसुरमा मुद्दा दर्ता भएको थियो ।

सोही कसुरमा ब्यूरोबाट खटिएको प्रहरी टोलीले पक्राउ गरी हाल परिवर्तन भएको सङ्गठित अपराध निवारण ऐन, २०७० अन्तर्गतको कसुरमा पाण्डेमाथि थप अनुसन्धान भइरहेको प्रवक्ता श्रेष्ठले बताए । उक्त मुद्दामा हालसम्म जम्मा ९ (नौ) जना शङ्कास्पद व्यक्तिहरूलाई प्रक्राउ गरी अनुसन्धान भइरहेको उनले बताए ।


## कर्मचारी आवश्यकता

मधेश प्रदेशको **Gold Star** कम्पनीको जुत्ता चप्पलको अधिकृत विक्रेता S.B.Sales and Suppliers बर्दिवासका लागि केही कर्मचारी आवश्यकता भएको हुनाले इच्छुक व्यक्ति तुरुन्त सम्पर्क राख्नुहोला ।

| | |
|---|---|
| पद : सेल्स मार्केटिङ्ग | पद : स्टोर किपर |
| संख्या : १ जना (पुरुष) | संख्या : १ जना (पुरुष) |
| योग्यता : +२ उत्तिर्ण | योग्यता : +२ उत्तिर्ण |

**तलब :** आपसी सम्झदारीमा तय गरिनेछ ।
**नोट :** मोटरसाईकल लाईसेन्स भएको, सम्बन्धीत काममा अनुभवी र स्थानीयलाई विशेष प्राथमिकता दिइनेछ ।

सम्पर्क :
**S.B.Sales & Suppliers**
बर्दिवास-१, महोत्तरी
मो.नं.- ९८२३४९१९२१, ९८४४३६१५८८


# ११ स्वास्थ्य संस्थामा तालाबन्दी

**द पब्लिक टुडे समाचारदाता**

*गौशाला, वैशाख ११ गते ।*

सर्लाहीमा अवैधरुपमा संचालित ११ स्वास्थ्य संस्थामा स्थानीय प्रशासनले ताला लगाएका छन् ।

सर्लाही सदरमुकाम मलङ्गवामा अवैधरुपमा संचालित ११ वटा स्वास्थ्य संस्था शिल गरिएको हो । मलङ्गवामा अवैध स्वास्थ्य संस्थाको बिगबिगी रहेको जनगुनासो बढेपछि जिल्ला प्रशासन कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय, स्वास्थ्य, नगरपालिका, प्रादेशिक अस्पताल र वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय वीरगन्जको टोलीले बिहीबार संयुक्त रुपमा अनुगमन गरेको थियो । अनुगमनका क्रममा अवैध ढङ्गले संचालित स्वास्थ्य संस्था शिल गरिएको सर्लाहीका सहायक प्रमुख जिल्ला अधिकारी होमप्रसाद घिमिरेले जानकारी दिए ।

अनुगमन टोलीले सर्लाही पोलिक्लिनिक एण्ड डाइगोनोष्टिक सेन्टर, ठाकुर सेवा उपचार, कल्याण हेल्थ केयर, सिद्धि गणपति पोलिक्लिनिक, प्रेमा हेल्थ केयर सेन्टर, अन्जली पोलिक्लिनिक, महतो क्लिनिक, निलम फार्मेसी, माली मेडिकल, जय माँ सुनैना हेल्थ केयर, लाइफ लाइन मेडिमेयर पोलिक्लिनिक र नाम नभएको एउटा अल्ट्रासाउण्ड गर्ने क्लिनिक बन्द गराएका सहायक प्रजिअ घिमिरेले जानकारी दिए ।

शिल गरिएकामध्ये चारवटा स्वास्थ्य संस्था दर्ता नभएको पाइएको र अन्य सातवटा स्वास्थ्य संस्था त अनुगमन टोली आएको सुइँको पाउनासाथ बन्द गरेर फरार भएको सहायक प्रजिअ घिमिरेले जानकारी दिए ।

बिहानदेखि बेलुकासम्म मलङ्गवाका १६ वटा स्वास्थ्य संस्थाको अनुगमन भएको जिल्ला प्रशासन कार्यालय सर्लाहीले जनाएको छ । त्यसमध्ये दर्ता भएर सञ्चालनमा रहेका पाँचवटा स्वास्थ्य संस्थाहरु कुनै नबीकरण गर्नुपर्ने, कुनैले थप कानूनी प्रक्रिया पूरा गर्नुपर्ने अवस्था रहेकाले एक साताभित्र सबै प्रक्रिया पुरा गर्न निर्देशन दिइएको सहायक प्रजिअ घिमिरेले बताए ।

यसअघि २०८१ फागुन अन्तिम साता मधेश प्रदेशका तत्कालिन मुख्यमन्त्री सतीशकुमार सिंहले अनुगमन गर्दा मलङ्गवाका अधिकांश पोलिक्लिनिक तथा अस्पताल अवैध रहेको पाइएपछि बन्द गराएका थिए ।

# मधेस प्रदेश सभाको छैठौं अधिवेशन अन्त्य

**गौशाला, वैशाख ११ गते ।** मधेस प्रदेश सभाको छैटौँ अधिवेशन शुक्रवार मध्यरातदेखि अन्त्य भएको छ । प्रदेश सरकारको सिफारिसमा प्रदेश प्रमुख डा. सुरेन्द्र लाभ कर्णले अधिवेशन अन्त्य भएको घोषणा गरेका छन् ।

प्रदेश प्रमुखको कार्यालयले एक विज्ञप्ति जारी गरी मधेस प्रदेश सरकारको वैशाख ९ गते बसेको मन्त्रिपरिषद् बैठकले प्रदेश सभाको छैटौँ अधिवेशन अन्त्य गर्न सिफारिस गरे अनुसार अधिवेशन अन्त्य भएको जनाएको छ ।

नेपालको संविधानको धारा १८३ को उपधारा (२) बमोजिम आज (वैशाख ११ गते) राति १२ बजेदेखि लागू हुने गरी छैटौँ अधिवेशन अन्त्य गरिएको हो ।

# सुकुमवासी बस्तीको त्रास : न हट्ने मन छ...

छाडेर आफ्नै सुरले जाने ठाउँ छ, न यहाँ बस्ने साहस !'

यसरी सुकुमवासीहरू अन्यौलमा रहँदा शुक्रबार दिउँसो प्रहरीको गतिविधिले थप त्रसित बनायो । प्रहरीले थापाथलीको सुकुमवासी बस्ती नजिक सडक किनार क्षेत्रमा सीसीटीभी जडान कार्य थालेको थियो ।

यसबाट झन् सशंकित बनेका थिए, स्थानीय । उनीहरूलाई लागेको थियो- सरकारले जसरी पनि पेलेर पन्छाउने नीति लियो र त्यसकै लागि सबै निगरानी गर्न सीसीटीभी जोड्यो ।

यद्यपि, प्रहरीका अनुसार भने सुरक्षाका लागि सीसीटीभी जडान गरिएको थियो । काठमाडौं प्रहरी परिसरका प्रवक्ता पवन भट्टराईले नियमित कार्यक्रम अन्तर्गत सीसीटीभी जडान भइरहेको जानकारी दिए ।

यसरी सुकुमवासी बस्ती अलमलमा रहँदा केही बस्तीबासी र जेनजी अगुवाहरू एकाएक सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टीको मुख्यालयमा आन्दोलन गर्न निस्किए । त्यहाँ गएर नाराबाजी र प्रदर्शन गर्ने उनीहरूको योजना थियो ।

सरकारले काठमाडौंको अतिक्रमित सुकुमवासी बस्ती हटाउन अल्टिमेटम दिएपछि त्यहाँ बसोबास गरिरहेकाहरूले रास्वपाको ध्यानाकर्षण गराएका थिए । सुकुमवासी संघर्ष समितिको तर्फबाट रास्वपा केन्द्रीय कार्यालय वनस्थलीमा पुगेर ध्यानाकर्षण पत्र बुझाइएको थियो ।

उनीहरूले रास्वपाका केन्द्रीय सदस्य खेमराज साउदलाई ध्यानाकर्षण पत्र बुझाए । ध्यानाकर्षण बुझाएर फर्किएका सुकुम्वासीका प्रतिनिधिले भने, 'सरकारले सुकुमवासी बस्ती हटाउने भनेपछि यहाँ बस्तीमा बस्दै आएकाहरू वनस्थलीस्थित रास्वपाको पार्टी कार्यालय घेराउमा गएका हौं ।'

उता केही प्रदर्शनकारी रास्वपा मुख्यालय पुग्दा यता नेता/कार्यकर्ता आउने क्रम जारी थियो । सोही क्रममा श्रम संस्कृति पार्टीका सांसद आरेन राई थापाथलीस्थित सुकुमवासी बस्तीमा पुगे ।

सरकारले बिना विकल्प आफूहरूलाई हटाउन खोजेको भन्दै सुकुमवासीहरूले प्रदर्शन गरिरहेको समयमा थापाथली पुगेका सांसद राईले भने, 'सुकुमवासीको पक्षमा हामी हुनेछौं । हाम्रो पार्टी हुनेछ । अरू पार्टीको जिम्मा लिन सकिन्नँ । म सधैं सुकुमवासीको हकका लागि बोलिरहन्छु ।'

राईले बोल्दै गर्दा पनि आफ्नो सामान पोको पार्ने र लाने क्रम चलिनै रहेको थियो । यसरी दिनभर अन्यौलग्रस्त र तनावमा रहेको सुकुमवासी बस्तीमा शनिबार डोजर लगाउने सरकारको योजना छ । त्यसैले शान्तिनगर, मनोहरासहितका बस्तीबाट स्थानीयले सामान सार्ने क्रम जारी राखेका छन् । आफू सुरक्षित स्थानमा जाने भन्दै कतिपय निस्किरहेका छन् भने कतिपय भने आफूसँग कुनै विकल्प नरहेको बताइरहेका छन् ।

सुकुमवासी बस्ती हटाउने सरकारको योजनाले समाज ध्रुवीकृत हुँदा प्रधानमन्त्री शाहले भने कसैले आत्तिनु नपर्ने बताएका छन् । शुक्रबार साँझ प्रधानमन्त्री बालेनले एक स्टाटस लेख्दै भनेका छन्, 'हामी सरकारमा छौं अतिक्रमणकारी र सुकुमवासी छुट्याउने नै छौं । देशभरका वास्तविक सुकुमवासीका लागि प्रक्रिया पुऱ्याएर यथाशक्य चाँडो जग्गा वितरण गर्नेछौं । वर्षौं पुरानो यो समस्याको स्थायी समाधान यो सरकारले गर्नेछ । ढुक्क हुनुहोस् ।'


"स्वस्थ दाँत, उज्यालो मुस्कान"का लागि एकमात्र स्थान

## खर्गा दन्त उपचार केन्द्र प्रा.लि.

बर्दिवास-१ सिन्धुली रोड, महोत्तरी
(लुम्बिनी हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा)
९८४४३१२२४६

**डा. गंगाराम खर्गा**
वरिष्ठ डेन्टल सर्जन
BDS(Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)

**डाक्टर भेटने समय :** प्रत्येक दिन बिह(ान ९ बजेदेखि साँझ ५ बजेसम्म



**हामी कहाँ** आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थायी/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल(Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेडो, नमिलेको, खप्टिएको र छिचारु भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुखभित्र घाउ, खटिरा आउने, गिजा सुनिने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट(RCT) भर्ने, दाँतको एक्सरे गरिने ।


पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादकः सन्तकुमार क्षेत्री